# गण्डकी प्रदेश सभा

## आठौँ अधिवेशन

## बैठक संख्या -१७

## सूचनापत्र - २

## (बैठकको कारवाहीको संक्षिप्त विवरण)

<u>मिति २०८२ साल असार १० गते, मंगलवार</u>

गण्डकी प्रदेश सभाको आजको बैठक **माननीय सभामुख कृष्ण प्रसाद धितालको** अध्यक्षतामा विहानको **११:३०** बजे प्रारम्भ भयो।

तत्पश्चात शुन्य समय प्रारम्भ भयो। शुन्य समयमा **माननीय कल्पना तिवारी, माननीय भिम बहादुर कार्की, माननीय लिल बहादुर थापा मगर, माननीय सिता कुमारी सुन्दास र माननीय सुधिर कुमार पौडेलले समसामयिक** विषयमा आ-आफ्नो भनाई राख्नुभयो ।

तत्पश्चात माननीय आर्थिक मामिला मन्त्री डा. टकराज गुरुङले सभा समक्ष प्रस्तुत गर्नुभएको **"आर्थिक वर्ष २०८२/८३ को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट रकम विनियोजन र खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८२" का विभिन्न मन्त्रालयगत शीर्षकहरु माथि**को बाँकी छलफल प्रारम्भ भयो ।

तत्पश्चात **माननीय सभामुखले आजको छलफलमा विधेयकको** मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश सभा सचिवालय, प्रदेश लोक सेवा आयोग, मुख्यन्यायाधिवक्ताको कार्यालय लगायत आयोग, प्रतिष्ठान तथा निकायहरु, स्वास्थ्य मन्त्रालय र आर्थिक मामिला मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरु माथि छलफल हुने व्यहोरा सभालाई जानकारी गराउँनुभयो ।

तत्पश्चात छलफल प्रारम्भ भयो, उक्त छलफलमा **माननीय हरि बहादुर भण्डारीले आफ्नो खर्च कटौतीको प्रस्ताव सहित छलफलमा** भाग लिनुभयो ।

तत्पश्चात **छलफलमा माननीय प्रकाश वराल, माननीय लिल बहादुर थापा मगर, माननीय विन्दु पौडेल, माननीय डिल्लीराम सुवेदी र माननीय निर्मला थापाले** भाग लिनुभयो ।

**तत्पश्चात माननीय सभामुखले आगामि बैठक २०८२ साल असार ११ गते विहान ११ बजे** बस्नेगरी **दिनको १:१८** बजे स्थगित गर्नुभयो।

.....................

(हरिराज पोखरेल)

प्रदेश सभा सचिव